# “स्वैच्छिक राष्ट्रिय समीक्षामार्फत दिगो विकास एजेन्डाको द्रुत कार्यान्वयन” विषयक छलफलमा नेपाल सहभागी




एशिया प्रशान्त क्षेत्रीय दिगो विकास मञ्चको दोस्रो दिन मिति २०८१ फागुन १४ तदनुसार २०२५ फेब्रुअरी २६ मंगलबारका दिन आयोजना भएको बैठकमा “स्वैच्छिक राष्ट्रिय समीक्षामार्फत दिगो विकास एजेन्डाको द्रुत कार्यान्वयन” बिषयक सत्रमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीज्यूले मुख्य वक्ताका रूपमा सम्बोधन गर्नुभएको छ। सम्बोधनका क्रममा उहाँले दिगो विकास लक्ष्यको कार्यान्वयनमा स्वेच्छिक राष्ट्रिय समिक्षाको भुमिकका सम्बन्धमा नेपालको अनुभव आदानप्रदान गर्नुभएको थियो । साथै, नेपालमा दिगो विकास लक्ष्यमा नेपालले प्राप्त गरेको प्रगतिमा प्रकाश पार्दै उक्त प्रगति हासिल गर्न नेपालमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज लगायतले खेलेको भुमिकाको प्रसंशा गर्नुभएको छ । स्वेच्छिक राष्ट्रिय समिक्षाबाट नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनका लागि आगामि रणनीतिक प्राथमिकताका क्षेत्रहरू पहिचान गरेको र सोह्रौ आवधिक योजना तर्जुमाका लागि समेत योगदान गरेको विषय उल्लेख गर्नुभएको थियो । साथै, सम्बोधनका क्रममा नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनमा लागि वार्षिक करिब २३ विलियन अमेरिकी डलर परिचालन गर्नुपर्ने देखिएको विषयमा समेत उहाँले प्रकाश पार्नुभएको थियो।

नेपालले सन् २०२४ को जुलाईमा संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) को तत्वाधानमा आयोजना हुने उच्च स्तरिय राजनितिक मञ्मा तेस्रो स्वेच्छिक समिक्षा प्रस्तुत गरिएको थियो। समिक्षाका अनुसार २०२२ सम्ममा नेपालले दिगो विकास लक्ष्यमा करिव ४१ प्रतिशत प्रगति हासिल गरेको छ भने सन् २०३० सम्ममा करिब ६० प्रतिशत प्रगति हासिल गर्ने अनुमान गरिएको छ। यस अघि सन् २०१७ र सन् २०२० मा नेपालबाट स्वेच्छिक राष्ट्रिय समिक्षा प्रस्तुत गरेको थियो ।